# प्रेस विज्ञप्ती




## नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको प्रथम वार्षिक साधारण सभा सम्पन्न

नेपालकै पहिलो राष्ट्रिय स्तरको पूर्वाधार विकास बैंकको रुपमा स्थापना भई गत फाल्गुण महिनाबाट औपचारिक कारोबार प्रारम्भ गरेको नेपाल इन्फ्रास्ट्रक्चर बैंकले मिति २०७६/०८/२९ आईतबारका दिन प्रथम वार्षिक साधारण सभा सम्पन्न गरेको छ। होटल र्‍याडिसन, लाजिम्पाट काठमाडौंमा सम्पन्न उक्त सभाको अध्यक्षता बैंक सञ्चालक समितिका अध्यक्ष श्री अनुज अग्रवालज्यूले गर्नु भएको थियो । सो अवसरमा बैंक सञ्चालक समितिका सदस्यहरु श्री रामशरण पुडासैनीज्यू, श्री चन्द्र प्रसाद ढकालज्यू, श्री लालमणि जोशीज्यू र श्री नुमनाथ पौडेलज्यू को उपस्थिती रहेको थियो । त्यस्तै बैंकका प्रमुख कार्यकारी अधिकृत श्री अनिल ज्ञवालीज्यू, नायव प्रमुख कार्यकारी अधिकृत श्री भुपेन्द्र पाण्डेज्यू लगायत बैंकका उच्च तहका अधिकृतहरुको समेत उपस्थिती रहेको थियो ।

उक्त सभालाई सम्बोधन गर्दै बैंक सञ्चालक समितिका अध्यक्ष श्री अनुज अग्रवालज्यूले बैंकले समिक्षा अवधि सम्म हासिल गरेका उपलब्धिहरु, चालु आ.व.को लागि तय गरिएका योजना तथा लक्ष्यहरु एवं भावी रणनीति बारे शेयरधनी महानुभावहरुलाई जानकारी गराउनु भयो ।

चुक्ता पूँजी रु.१२ अर्ब, प्रतिशेयर आम्दानी रु.६.१०, प्रतिशेयर नेटवर्थ रु.१०६.५७ रहेको बैंकको उक्त सभाले नियमनकारी निकायको स्वीकृति पश्चात जारी गर्ने गरी जम्मा रु. ८,००,००,००,०००/- (आठ अर्ब रुपैंया) को शेयर संख्या ८०००००००० (आठ करोड) सर्वसाधारणलाई निष्काशन गर्ने सम्बन्धी प्रस्ताव पारित गरेको छ । नेपाल सरकारबाट मनोनित १ जना सञ्चालक बाहेक संस्थापक समुहबाट प्रतिनिधित्व गर्ने अन्य ३ जना सञ्चालकहरुको निर्वाचनको कार्यक्रम रहेको उक्त सभाबाट श्री अनुज अग्रवालज्यू, श्री चन्द्र प्रसाद ढकालज्यू र श्री लालमणि जोशीज्यू आगामी ४ वर्षे कार्यकालको लागि सञ्चालकमा निर्विरोध निर्वाचित हुनुभएको छ । श्री रामशरण पुडासैनीज्यू नेपाल सरकारबाट मनोनित सञ्चालक हुनुहुन्छ ।

मुलुक भित्र तथा मुलुक बाहिरबाट दीर्घकालिन स्रोत संकलन गरी देशको पूर्वाधार विकासका परियोजनाहरुमा मात्र लगानी गर्ने उद्धेश्य लिई स्थापना भएको यस बैंकले विदेशी वित्त बजारबाट Offshore Bond जारी गरी रु. ५ अर्ब भित्र्याउने कार्य अघि बढाई सकेको छ। स्रोत परिचालन तर्फ २ वटा जलविद्युत् आयोजनाहरुमा रु. ३ अर्ब लगानी स्वीकृत गरिसकेको छ भने सौर्य उर्जा, होटल, रिसोर्ट, फनपार्क, केवलकार, शिक्षा, स्वास्थ्य लगायतका अन्य विभिन्न पूर्वाधारका परियोजनाहरुको पहिचान एवं आवश्यक अध्ययन गरिरहेको छ। उक्त परियोजनाहरुलाई आवश्यक स्रोत संकलन गर्दै निकट भविष्यमै लगानी विस्तार गर्दै जाने बैंकको योजना रहेको छ ।